
# सुजनको डर



विनय कसजू

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# सुजनको डर

बालबालिकामा हुने तनाव र बुलिइङसँग सम्बन्धित बालकथाहरूको सँगालो

विनय कसजू

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.

काठमाडौं

# सुजनको डर

बालबालिकामा हुने तनाव र बुलिइङसँग सम्बन्धित बालकथाहरूको सँगालो


| | | |
|---|---|---|
| लेखक | : | विनय कसजू |
| चित्र | : | सन्दीप न्यौपाने |
| प्रकाशक | : | विवेक सिर्जनशील प्रकाशन प्रा.लि. |
| सर्वाधिकार | : | लेखकमा |
| संस्करण | : | प्रथम २०६९, माघ (फेब्रुअरी २०१३) |
| प्रति | : | एक हजार |
| सेटिङ | : | समन श्रेष्ठ/बिमला श्रेष्ठ |
| मुद्रक | : | सुजल अफसेट प्रेस |

# भूमिका

मानव समाजले जतिजति विकास गर्दै छ उतिउति बाँच्नका लागि प्रतिस्पर्धा पनि बढिरहेको छ । फलस्वरूप बालबालिकाले सिक्नु, पढ्नु र दक्षता हासिल गर्नुपर्ने विषयहरू पनि बढेका छन् । उहिलेका बालबालिकाको तुलनामा अहिलेका बालबालिकालाई बौद्धिक काम धेरै छ । यसले गर्दा उनीहरू बढी मानसिक तनावमा हुन्छन् ।

अहिलेका बालबालिकालाई धेरै प्रकारको मानसिक तनाव र चिन्ता छ । पढाइमा सर्वोत्तम हुने चिन्ता, होमवर्कको पिर, स्कुलभित्र हुने धम्की, बुलिइङ, पारिवारिक, सामाजिक तथा आर्थिक समस्या, बन्दहडताल, सुरक्षा आदि विभिन्न समस्याले गर्दा उनीहरू तनावमा पर्ने क्रम बढिरहेको छ ।

आफ्ना बालबालिका मानसिक तनावमा परेका छन् भन्ने कुरा अभिभावकले बेलैमा थाहा पाएनन् भने उनीहरू थप समस्यामा पर्न सक्छन् । सानो कुरामा पनि धेरै तनाव लिएर आफ्नो समस्या आमाबाबु र शिक्षकसँग लुकाएर राखे भने तनावले मानसिक विकृति ल्याउन सक्छ । यसैले बालबालिकाले आफ्ना समस्या अभिभावक र शिक्षकलाई भन्नुपर्छ । कतिपय बाल तनाव बालबालिकाले आमाबाबु र शिक्षकलाई सुनाएपछि सजिलै बिलाउँछन् । यसैले कुनै पनि समस्याका बारेमा आमाबाबु र शिक्षकसँग बालबालिकाले निसंकोच, खुला छलफल गर्ने वातावरण बनाउनु आवश्यक हुन्छ ।

यो पुस्तकमा बालबालिकाका विद्यालयभित्र हुने र समाजमा भोग्नुपर्ने शैक्षिक, सामाजिक र आर्थिक समस्यासँग सम्बन्धित केही बाल तनावका समस्यालाई विषय बनाएर लेखिएका कथाहरू संकलित छन् । नेपाली बालसाहित्यमा यी विषयले भर्खर प्रवेश पाउन थालेका छन् । यी कथाहरू बालबालिका, अभिभावक र शिक्षकलाई पनि उपयोगी हुने विश्वास छ । पुस्तक प्रकाशन गर्ने जिम्मा लिएकोमा विवेक सिर्जनशील प्रकाशनलाई हार्दिक धन्यवाद दिन्छु ।

– लेखक

**कथाक्रम**


- सुजनको डर ........................................ ५
- राजुको मितेरी ........................................ १०
- म त काखमा बस्दिन ........................................ १५
- किताबहरूको छलफल ........................................ २१
- कुर्सी अधिकार ........................................ २५
- अखबार बेच्ने केटो ........................................ २९
- घरमा मिस ........................................ ३३

# सुजनको डर



सुजन स्कुल पुग्नै लागेको थियो । कहिले कक्षामा पुगेर गह्रुँगो झोला बिसाउँला भन्ने हतारमा थियो । ढोकामा पुग्ने बेलामा उसले पछाडिबाट कसैले बोलाएको सुन्यो, "ए केटा, किन हतार गरेको यता आइज त ।"

सुजनले उसलाई बोलाउने केटातिर हेऱ्यो । त्यो केटो निक्कै मोटो र अग्लो थियो । उससँग अरू दुईजना केटाहरू पनि थिए ।

तीनै जनालाई सुजनले चिनेको थिएन । ऊ डराइडराई ती केटाहरूको नजिक गयो ।

अचानक अग्ले केटाले सुजनको गाला चिमोट्यो र भन्यो, "कस्तो केटीको जस्तो गाला ? भोलि अझै राम्री भएर आइज है । तेरो गाला टोक्छु । यो कुरा अरूलाई भनिस् भने तेरो खुट्टा भाँच्छु । बुझिस् ।"

अग्लेको कुरा सुनेर उसका साथीहरू हाँसे । अनि तीनैजना त्यहाँबाट गए । घाम र थकाइले रातो भएको सुजनको अनुहार झन रातो भयो । अग्लेको चिमोटाइले गर्दा उसको गालाबाट रगत चुहिएला जस्तो भयो । ऊ डराउँदै र आत्तिँदै स्कुलभित्र पस्यो ।

कक्षामा उसले पढाइमा ध्यान दिनै सकेन । उसको मन तिनै केटाहरूको कुरामा थियो । भोलि उसको गाला टोकिदिने रे ! छि ! ती बदमासहरूबाट कसरी जोगिने होला ? कक्षामा मिसले पढाइरहेकी थिइन् तर उसको ध्यान अन्तै थियो ।

सुजन लोलाएर बसेको देखेर मिसले सोध्नुभयो, "सुजन तिमीलाई के भयो ? सञ्चो भएन कि ?"

बदमास केटाले गाला टोक्छु भनेको कुरा कसरी मिसलाई भन्ने ? उसलाई लाज लाग्यो । भन्यो भने झन् खुट्टा भाँच्छु भनेको छ । के गर्ने ? मिसलाई नभन्नु नै बेस लाग्यो उसलाई ।

"मलाई केही पनि भएको छैन मिस !" सुजनले जवाफ दियो ।

तर सुजनको व्यवहारबाट उसलाई केही भएको छ भन्ने कुरा मिसले बुझिसकेकी थिइन् । त्यसैले छुट्टी भएपछि मिस पनि सुजनसँग उसको घरमा गइन् । मिसले सुजनकी आमासँग सुजनको बारेमा कुरा गरिन् ।

मिस गइसकेपछि आमाले सुजनसँग स्कुलमा केके भयो भनेर सोधिन् । आमालाई सबै कुरा भन्नुपर्छ भन्ने लाग्यो । तर गाला

टोक्ने कुरा कसरी भन्ने । उसलाई लाज लाग्यो । भनूँ कि नभनूँ ? उसले निधो गर्न सकेन । भन्यो भने झन् पिटाइ खाइने । नभन्नु नै बेस लाग्यो उसलाई ।

"मलाई केही पनि भएको छैन आमा ।" भन्दै सुजनले टार्‍यो ।

ऊ खाजा पनि नखाई आफ्नो कोठामा गयो । आमाले कोठामै खाजा लगिदिइन् । उसलाई सञ्चो भएन कि भनेर उसको निधार छाम्दै भनिन्, "किन खेल्न नगएर कोठामा बसिरहेको ? खेल्न जाऊ, कि होमवर्क गर । किन त्यसै बसिरहन्छौ ?"

"खाजा खाएपछि होमवर्क गर्छु आमा ।" भन्दै उसले मन नलागीनलागी खाजा खायो ।

उसलाई होमवर्क गर्न पनि मन लागेन । 'भोलि स्कुल जाँदा ती केटाहरूले मेरो गाला टोकेर पक्कै पनि मेरो बेइजत गर्छन् । नभए गाला चिमोटेर भए पनि दुःख दिन्छन् ।' ओछ्यानमा पल्टेर उसले यस्तै कल्पना गरिरह्यो । अँध्यारो भयो । तर उसले कोठाको बत्ती बालेन । होमवर्क पनि गरेन ।

"सुजन भात खान आऊ ।" आमाले बोलाएको सुने पनि ऊ नसुनेझैं गरी बसिरह्यो । अँध्यारोमा बसेको देखेर आमा छक्क परिन् ।

"के भयो तिमीलाई । किन अँध्यारोमा बसेको ? होमवर्क गर्नु पर्दैन ? स्कुलमा कसैले तिमीलाई पिट्यो कि के गर्‍यो भन त ।" आमाले सुजनको कुम हल्लाउँदै उसलाई बोल्न लगाउन जोड गरिन् ।

तैपनि सुजनले भन्ने आँट गरेन ।

"तिमीले भनेनौ भने मैले कसरी थाहा पाउँछु भन त । तिमीलाई कसैले गाली गर्‍यो कि ? पिट्यो कि ? के भयो भन त । आखिर तिमीले मसँग भन्दैनौ भने कोसँग भन्छौ ? मनमा कुरा खेलाएर मैले कसरी बुझ्न सक्छु ?" आमाले यति भन्दा नभन्दै सुजन रुन थाल्यो ।

"लौ किन रोएको ? मैले गाली गरेको हो र ? तिमीलाई के भयो भनेर सोधेको पो हो । भन्न मन लागेन भने नभन । किन रुनुपर्छ ?" आमाले सम्झाउन खोजिन् ।

तर सुजनको रुवाइ रोकिएन । सुजनले हिक्कहिक्क गर्दै भन्यो, "आमा मलाई एक जना अग्ले केटाले भोलि पिट्छु भनेको छ !"

"के रे तिमीलाई पिट्ने रे । किन पिट्ने ? को केटा हो त्यो ? तिमीले यो कुरा मिसलाई भनेनौ ?" आमाले आत्तिँदै सोधिन् ।

सुजनले बिस्तारै स्कुल पुग्ने बेलामा अग्लो केटाले उसलाई गालामा चिमोटेको र भोलि गालामा टोक्छु भनेको कुरा लाज मान्दै सुनायो । यो कुरा अरूलाई भन्यो भने खुट्टा भाँचिदिन्छु भनेको कुरा पनि उसले भन्यो ।

"यो कुरा तिमीले मिसलाई किन नभनेको ?" आमाले अलि झर्किंदै सोधिन् ।



"त्यस्तो लाज लाग्ने कुरा पनि कसरी मिसलाई सुनाउने ?" उसले टाउको निहुराउँदै भन्यो ।

"भइहाल्यो म भोलि तिमीसँगै स्कुलमा जान्छु अनि त्यो अग्लो केटालाई पनि भेट्छु ।" आमाले भनिन् ।

आमाको कुरा सुनेर एकातिर उसको मनको डर भाग्यो भने अर्कोतिर त्यो केटोले किन अरूलाई भनेको भनेर खुट्टा भाँचिदिने पो हो कि भन्ने डर पनि लाग्यो ।

राति सपनामा सुजनले अग्ले र उसका साथीहरूलाई देख्यो । अग्लेको मुखबाहिर कुकुरका जस्ता तीखा दाँत निस्केका थिए । आफ्नो नरम गालामा तीखा दाँत घुस्न लागेको देखर सुजन निँदमै तर्स्यो । ऊ रातभरि राम्ररी निदाउन सकेन ।

भोलिपल्ट सुजनसँग आमा पनि स्कुल गइन् । स्कुल पुग्ने बेलामा सुजनले यताउति हेर्‍यो । तर हिजोका ती केटाहरू देखिएनन् । आमाले पनि चारैतिर, परपरसम्म हेरिन् । तर सुजनले भनेजस्ता अग्ले र बदमास केटाहरू देखिएनन् ।

आमाले मिसलाई सबै कुरा बताइन् । मिसले सुजनको कक्षाका केही विद्यार्थीलाई बोलाएर भनिन्, "आज सुजन बाहिर निस्कँदा तिमीहरू पनि ऊसँगै निस्कनु । उसको वरिपरि को आउँछ, कसले के गर्छ हेर्नु । नयाँ मानिस देख्यौ भने मलाई थाहा दिइहाल्नु ।"


छुट्टीको घण्टी बज्यो । सुजन डराइडराई साथीहरूसँग बाहिर निस्क्यो । साथीहरूले उसलाई घरसम्म पुर्‍याए । ती बदमास केटाहरू कहीं पनि देखिएनन् । आमाले साथीहरूलाई मिठो खाजा खान दिइन् ।

जाने बेलामा साथीहरूले भने, "तिमीले आफ्नो समस्या र चिन्ता मिसलाई भनेको भए यसरी पिरोलिएर बस्नुपर्ने थिएन ।"

*२३ अप्रैल २००९*

*नागरिक दैनिक जुनकिरीमा २६ वैशाख २०६६ मा पहिलो पटक प्रकाशित ।*

# राजुको मितेरी



राजुको घरको सुरी बिरालोलाई टेलिभिजन हेर्ने बानी परेको थियो । राजु स्कुलबाट आउने बित्तिकै स्कुलको झोला एउटा कुनामा राख्थ्यो र लुगा पनि नफेरी टेलिभिजन खोल्थ्यो । सबैभन्दा पहिले उसले कार्टुन फिल्म कुन च्यानलमा आएको छ भनेर खोज्थ्यो ।

"आमा, मेरो खाजा यहीं ल्याइदिनुस् न । कस्तो राम्रो कार्टुन फिल्म आएको छ । म यहीं बसेर खान्छु नि ।" राजु प्रायः यस्तै भन्थ्यो र भान्छामा नगई बैठक कोठामा नै बसेर टेलिभिजन हेर्दै खाजा

खान्थ्यो । उसले टेलिभिजन हेर्न थालेपछि सुरी बिरालो पनि उसको खुट्टानेर बस्थ्यो । अनि उसले पनि टेलिभिजन हेर्थ्यो ।

राजुको घरमा मुसाहरू पनि थिए । सामु मुसा अरू मुसाभन्दा चलाख थियो । सामुलाई पनि टेलिभिजन हेर्ने बानी परेको थियो । उसले आफूलाई टम एण्ड जेरी कार्टुन कथाको जेरी मुसाभन्दा पनि चलाक ठान्न थालेको थियो । एक दिन उसले जेरीको नक्कल गर्दै सुतेको सुरीको जुँगा तान्दा झण्डै सुरीले उसलाई सिध्याएको थियो ! साँच्चैको बिरालो र टेलिभिजनको बिरालो उस्तै हुने रहेनछ भन्ने कुरा सामुले त्यो दिन राम्ररी बुझ्यो ।

राजुलाई पनि टम र जेरीले एकअर्कालाई छक्काएको हेर्न रमाइलो लाग्थ्यो । जेरीले टमसँग बदला लिएझैं उसलाई पनि स्कुलमा एकजना केटासँग बदला लिन मन थियो ।

"ए जिरे, के खाजा ल्याएको छस् ? कहाँ छ तेरो खाजा ?" स्कुलमा खाजा खाने बेलामा एउटा मोटे केटो आउँथ्यो । त्यसले यस्तै प्रश्न सोधेर दुःख दिन्थ्यो । काम न काज उसलाई धक्का दिन्थ्यो । छिर्के हानेर लोटाइदिन्थ्यो । कहिलेकाहीं उसको खाजा खोसेर खाइदिन्थ्यो । राजुभन्दा ऊ धेरै बलियो थियो । कसरी मोटेसँग बदला लिने भनेर कार्टुन फिल्ममा जेरीले टमलाई जितेझैं राजु मोटेलाई जित्ने उपाय सोचिरहन्थ्यो ।

एक दिन राजुले टेलिभिजनमा मुसा र बिरालो मिलेर चाउचाउ खाएको देख्यो । सँधै लडने मुसा र बिरालो आज कसरी मिले ? ऊ छक्क पर्दै टेलिभिजन हेर्न थाल्यो । सुरी बिरालो र सामु मुसाले पनि त्यो कार्यक्रम रमाइलो मानेर हेरिरहेका थिए ।

एउटा नयाँ किसिमको चाउचाउ बजारमा आएको रहेछ । मुसा र बिरालो मिलेर त्यो चाउचाउ पकाएर र बटुकोमा राखेर खाँदै गफ गर्दै थिए । बिरालोले भन्दै थियो, "अहा यो चाउचाउ त साह्रै मिठो रहेछ । यो खाएपछि मेरो मनै फेरियो ।"

"के भयो त्यस्तो मनै फेरिने कुरा ?" मुसाले सोध्यो ।

"मलाई तिमीसँग मित लाउन मन लाग्यो मिज्जु ।" बिरालाले भन्यो ।

मुसाले पत्याएन । उसले सोध्यो, "मिज्जु रे ! मुसा र बिरालो पनि मित हुन्छ र ?"

"यो चाउचाउ खाएपछि मेरो मनै फेरियो । अबदेखि तिमीलाई कहिल्यै दुःख दिन्न । अहिलेसम्म जे गरेँ त्यसको लागि मलाई माफ गर ।" भन्दै बिरालोले मुसालाई अँगालो मार्‍यो ।

"त्यसो हो भने त मैले दिनदिनै यो चाउचाउ ख्वाउँछु ।" भन्दै मुसा मुसुक्क हाँस्यो ।

कार्यक्रमको आखिरमा टेलिभिजनले सन्देश दियो : "शत्रुलाई पनि मित्र बनाउने मितेरी चाउचाउ खानुहोस् । जीवनमा सफलता पाउनुहोस् ।"

त्यो दृश्य सुरीलाई खुबै मन पर्‍यो । मुसा मारेर खानुभन्दा त चाउचाउ खानु बेस भन्ने उसलाई लाग्यो । तर सामु मुसालाई टेलिभिजनको कुरामा विश्वास लागेन ।

टेलिभिजनको सन्देश नटुँगिँदै राजुको मनमा नयाँ विचार फुर्‍यो । उसले मोटेलाई मितेरी चाउचाउ ख्वाउने बिचार गर्‍यो । उसले आमासँग भोलि स्कुल जाँदा दुई प्याकेट मितेरी चाउचाउ राखिदिन आग्रह गर्‍यो ।


राजुलाई आमाले आफूले पकाएको हलुवा, पुरी, समोसा, मोमो, सेलरोटी, खिर, मालपुवा खाजा राखिदिन्थिन् । बजारमा बेचिने पाउरोटी, बिस्कुट, चाउचाउ, चिजबलजस्ता तयारी खाजाभन्दा घरमा बनाएको खाजा पोसिलो हुन्छ भन्ने उनलाई थाहा थियो । तर राजुका केही साथीले पसलमा किनेको तयारी खाजा लैजान्थे र राजुलाई 'हलुवा पुरी' भनेर होँच्याउँथे । तर उसलाई आमाले पकाएको खाजा नै मिठो लाग्थ्यो ।

अचानक राजुले चाउचाउ खाजा मागेको सुनेर आमा छक्क परिन् । "के भयो राजु तिमीलाई ? घरको खाजा मन परेन ? कि स्कुलका साथीहरूले 'सेल खाने फेल' भनेर जिस्क्याए ?" आमाले सोधिन् ।

स्कुलमा मोटे केटोले दु:ख दिने गरेको कुरा आमालाई भनूँ कि जस्तो लाग्यो । तर उसले भन्ने आँट गरेन । उसले जिद्दी गर्दै भन्यो, "आज एकदिन मात्रै हो आमा । भोलिदेखि त फेरि तपाईंले बनाइदिनु भएको खाजा नै लैजान्छु नि ।"

आमाले राजुको कुरा टार्न सकिनन् । उनले दुई प्याकेट चाउचाउ किनेर राजुको झोलामा राखिदिइन् ।

स्कुलमा खाजा खाने बेलामा राजुले मोटे कहाँ होला भनेर वरिपरि हेर्दै थियो । ऊ त अघि नै राजुको छेऊमा उभिएको रहेछ । मितेरी चाउचाउ ख्वाएपछि मोटे पनि उसको साथी बन्छ भन्ने उसलाई विश्वास थियो । यसैले उसले मोटेलाई एउटा प्याकेट चाउचाउ दिँदै भन्यो, "मैले आमासँग मागेर ल्याएको । आऊ, सँगै बसेर खाऔँ ।"



टलक्क टल्कने खोल भएको नयाँ चाउचाउको प्याकेट देखेर मोटेका आँखा चम्के । "एउटा मात्रै ?" भन्दै उसले राजुको हातको अर्को चाउचाउको प्याकेट पनि खोस्यो र ज्याकेटको खल्तीमा अटाइनअटाई कोच्यो । अनि राजुलाई मुक्का देखाउँदै भन्यो, "भोलि आउँदा चार प्याकेट लिएर आउनू । नत्र साफ गोदाइ खान्छस् । बुझिस् ।"

त्यति भन्दै त्यो मोटे केटो स्कुलबाट बाहिर गयो । राजु अकमक्क पऱ्यो । ऊ बोल्नै सकेन । स्तब्ध भयो ।

त्यो दिन राजु स्कुलमा भोकै पऱ्यो । भोकको भन्दा पनि उसलाई भोलि चारओटा मितेरी चाउचाउ स्कुलमा कसरी लैजाने, नलगे पिटाइ खानुपर्ने चिन्ताले सतायो ।

*नागरिक दैनिक, जूनकीरी २३ जेठ २०६६ मा पहिलो पटक प्रकाशित ।*

# म त काखमा बस्दिन



सबिना आमासँग बजार जान लागेकी थिइन् । घरबाट निस्केर मोटर बाटोसम्म पुगेर उनीहरू बस कुर्दै थिए । एकैछिनमा बस आइपुग्यो । आमाछोरी बसमा चढे ।

बसभित्र केही सिट खाली थिए । आमाछोरी जोडा सिटमा बसे । सबिना झ्यालतिरको सिटमा बसिन् र बाहिर हेर्दै रमाउन थालिन् ।

"बच्चालाई काखमा राख्नुस् है नत्र पूरै भाडा लाग्छ ।" बसको कन्डक्टरले सबैले सुन्ने गरी भन्यो ।

"प्यासेन्जर आएपछि सिट खाली गरे हुँदैन ? अहिले खाली सिटमा बस्न दिए भयो नि ।" सबिना र आमा बसेको सिटको पारिपट्टि बसेकी महिलाले कन्डक्टरलाई भनिन् ।

तर कन्डक्टरले मानेन । उसले भन्यो, "त्यसो भनेर कहाँ हुन्छ । सिट खाली देखेन भने प्यासेन्जर नै आउँदैन । सिटमा बसेपछि पूरै पैसा लाग्छ है । पछि कचकच गर्न पाइन्न ।"

उनीहरूको कुरा सुनेपछि सबिनाकी आमाले "भैगो आऊ, मेरो काखमा बस" भन्दै आमा सबिनाको सिटमा बसिन् र उनलाई काखमा राखिन् ।

"अरू मानिस आएपछि सरे हुँदैन र मम्मी ?" सबिनाले भनिन् । सिट खाली भएर पनि बस्न नपाएकोमा उनलाई नमज्जा लाग्यो ।

"भैहाल्यो नि । एकछिन त हो । अहिले भर्खरै बसमा मानिस भरिइहाल्छ ।" आमाले सम्झाइन् ।

हुन पनि त्यस्तै भयो । अर्को बसबिसौनीमा बस रोकिँदा धेरै यात्री बसभित्र आए । एक जना पुरुष यात्री सबिनाकी आमाको छेउको सिटमा बस्यो । त्यो यात्रीले सबिना र उनकी आमालाई हेरेको सबिनालाई मन परेन । उनले कहिले बसभित्रका अरू यात्रीलाई त कहिले आमाको छेऊमा बस्ने यात्रीलाई हेर्न थालिन् ।

यात्री धेरै भएकोले बसमा सबैलाई सिट पुगेन । एउटी महिला काखमा सानो बच्चा र झोला लिएर उभिएकी थिइन् । उनका दुबै हात खाली थिएनन् । यसैले बसमाथिको डण्डी समात्न मिल्दैनथ्यो । बस गुड्दा उनी लड्न सक्थिन् । यसैले ती महिला सबिनाको सिटको अगाडिको सिटको आडमा अडेस् लागेर उभिन खोजिन् ।

काखमा बच्चा लिएर त्यसरी गाह्रो गरी उभिएको देखेर सबिनाकी आमालाई अप्ठ्यारो लाग्यो । आफ्नो सिट दिऊँ भने सबिना काखमा छिन् के गरूँ के गरूँ लाग्यो उनलाई ।

"ए दाइ, काखमा बच्चा लिएकी महिलालाई उभिन गाह्रो भयो । तपाईंले आफ्नो सिटमा उनलाई बस्न दिनुहुन्छ कि ?" अघि कन्डक्टरसँग सबिनालाई खालि सिटमा बस्न दिन अनुरोध गर्ने महिलाले सबिनाकी आमाको छेऊमा बसेको यात्रीलाई अनुरोध गरिन् ।

त्यो यात्रीले च्याँठ्ठिँदै भन्यो, "त्यस्तो दया लागे आफ्नै सिटमा बसाल्नु नि ।"

"आउनुस् बहिनी । यहाँ मेरा सिटमा बस्नुस्" भन्दै ती महिला उठिन् र बच्चा काखमा लिएकी महिलालाई आफूतिर तान्न खोजिन् ।

"भै हाल्यो दिदी । तपाईं आफ्नो सिटमा बस्नुस् । बरु यो झोला एकछिन लिइदिनुहुन्छ कि ?" भन्दै महिलाले उनलाई झोला दिन खोजिन् ।

"झोला होइन बहिनी तपाईंको काखको बच्चा दिनुस् ।" भन्दै उनले उनको बच्चा लिन हात थापिन् ।

"अहिले त निदाएको छ । खै फोहोर गर्ने हो कि ।" भन्दै सङ्कोच मान्दै बच्चाकी आमाले ती महिलालाई बच्चा काखमा राखिदिइन् ।

"मैले पनि बच्चा हुर्काइसकेकी छु बहिनी, धन्दा मान्नु पर्दैन ।" आफ्नो सिटमा बसेर ती महिलाले बच्चा काखमा लिँदै भनिन्, "ओहो कस्तो राम्रो बाबु रहेछ ! कति महिनाको भयो होला ?

"बाबु होइन नानी हो । पाँच महिनाकी भई । अस्ति भर्खर पास्नी गरेको हो ।" बच्चाकी आमाले नरम हुँदै भनिन् ।

पाँचओटा बसबिसौनी कटेपछि बजार आइपुग्यो । सबिना र उनकी आमा बसबाट ओर्ले ।

बजारमा सबिनाकी आमाले किनमेल गरिन् ।

बजारबाट फर्कने बेलामा आमाले सामान भएको ठूलो झोला बोकिन् । सबिनाले सानो झोला लिएर आमालाई सघाइन् । अघि ओर्लेकै ठाउँबाट आमाछोरी बसमा चढे । कतै सिट खाली छ कि भनेर दुवैले अगाडि पछाडि हेरे । बसमा धेरै यात्री थिए । सिट खाली थिएन ।

"पछाडि जानुस् । पछाडि ठाउँ खाली छ ।" बसको कन्डक्टर कराउँदै थियो । आमाछोरी पछाडितिर गए । आमाले गह्रुँगो झोला



तल खुट्टानेर राखिन् र सबिनाले बोकेको सानो झोला आफूले लिइन् । अर्को हातले बसमाथिको डण्डी समातेर उभिइन् । सबिना आमाको जिउमा टाँसिएर उभिइन् ।

"आऊ नानी यहाँ बस ।" छेउको सिटमा बसेको हजुरबाको उमेरको एक जना यात्रीले सबिनालाई आफ्नो काखमा बस्न बोलाउँदै थियो ।

सबिनाले ती यात्री र आमाको मुखमा पालैपालो हेरिन् । ऊ नचिनेका मानिसको काखमा बसूँ कि नबसूँ भन्ने दुविधामा थिई । आमाले भनिन्, "हुन्छ छोरी जाऊ एकछिन अङ्कलसँग बस ।"

सबिना आमालाई छाडेर त्यो यात्रीतिर सरिन् । उसले दुई हातले सबिनालाई उचालेर आफ्नो काखमा राख्यो ।

कहिल्यै नदेखेको नबोलेको मानिसको काखमा बस्दा सबिनालाई कस्तोकस्तो अप्ठ्यारो लाग्यो । उनले आमाको मुखमा हेरिन् । आमाले भरोसा दिँदै भनिन्, "नचलिकन ज्ञानी भएर बस छोरी ।"

बस गुड्यो तर अचानक घच्याक्क गरेर रोकियो । बसभित्र उभिएका यात्रीहरू लड्न खोजे । सबिनाकी आमा पनि झण्डैले लडिनन् । काखमा बसेकी सबिना पनि ह्वात्त अगाडि हुत्तिइन् तर कतै ठोक्किएन । यात्री अङ्कलले सबिनालाई दुबै हातले च्याप्प समात्यो ।

"ए, के गरेर हाँकेको ? राम्ररी हाँक न ।" केही यात्रीहरू कराए ।

बस विस्तारै गुड्न थाल्यो । अङ्कलले सबिनालाई अँगालोमा कसेर राख्यो । अब लड्ने डर थिएन । तैपनि अङ्कलले किन त्यसरी उनको जिउलाई कसेर राखेको होला भनेर सबिनालाई अचम्म लाग्यो । उनलाई उकुसमुकुस हुन थाल्यो । उनले हात फुस्काउन चाहिन् तर दुबै हात र पूरै जिउ अङ्कलले अँगालोमा अँठ्याएर राखेको थियो ।

सबिनाले सहायताको लागि पुलुक्क आमातिर हेरिन् तर आमाले अगाडि ड्राइवरको सिटतिर हेरिरहेकी थिइन् ।

एकैछिन त हो नि भनेर सबिना ज्ञानी भएर बस्ने बिचार गरिन् तर बिचबिचमा अङ्कलको अँगालो खुकुलो पार्न कोसिस गर्दै रहिन् ।

"तिम्रो नाम के हो नानी ? कुन स्कुलमा पढ्छ्यौ ?" अपरिचित अङ्कलले सबिनाको गाला र कानको बीचमा मुख लगेर सोध्यो । उसको च्युँडोको दाह्रीको ठुटाले सबिनाको गाला कोरियो । अङ्कलको सास गन्हाएको उसले चाल पाई । तैपनि उनले ज्ञानी बन्ने नै अठोट गर्दै छोटो जवाफ दिइन्, "सबिना । लिटिल बडमा पढ्छु ।"

यति भन्दै उनले जिउ खुकुलो पार्न जोड गरिन् । अङ्कलको अँगाले अलिकति खुकुलो भयो तर तुरुन्तै "लोटौली है" भन्दै उसले दाहिने हातले सबिनाको छातिलाई बेर्‍यो र बायाँ हातले उनको कम्मरमा कसेर आफूतिर जोडले तान्यो ।

सबिनालाई सासै फुर्न गाह्रो भयो । उनले आमालाई बोलाउन खोजिन्, "मम्मी !"

आमाले सुनिनन् तर अङ्कलले अँगालो खुकुलो पाऱ्यो । उसले बायाँ हात सबिनाको कम्मरबाट हटायो र "चकलेट खान्छ्यौ नानी ?" भन्दै गोजीतिर हात लग्यो ।

यही मौका पारेर सबिना अङ्कलको काखबाट हत्तपत्त ओर्लिन् र आमाको हात समात्न पुगिन् ।

"किन ? के भयो छोरी ? अङ्कलसँग किन नबसेकी ? लोटौली ।" भन्दै आमाले सबिनालाई हेरिन् । अङ्कलले सबिनालाई चकलेट दिन खोज्दै थियो तर सबिनाले लिन मानिरहेकी थिइनन् ।

"लेऊ छोरी । अङ्कलले दिनुभएको चकलेट लेऊ ।" आमाले भनिन् तर सबिनाले आमाको जिउमा टाँस्सिएर दुबै हातले आमालाई च्याप्प समातिन् । अङ्कल देख्दा उनलाई अस्ति चिडियाखानामा देखको बाघ जस्तो लाग्यो । उनले चकलेट लिइनन् ।

"नाइँ आमा चकलेट पनि खान्न । काखमा पनि बस्दिन ।" भन्दै सबिना आमासँग झन् जोडले टाँस्सिइन् ।

त्यत्तिकैमा सबिनाको घर आइपुग्यो । बस राम्ररी रोकिन नपाउँदै सबिना आमालाई पनि नपर्खीकन अरू यात्रीलाई छिचोल्दै बसबाट ओर्लिन् ।

*१५ मार्च २००९*

# किताबहरुको छलफल




"कति टेलिभिजन हेरिरहेको । होमवर्क गर्नु पर्दैन ? जाऊ आफ्नो कोठामा गएर पढ," आमाको कुरा सुनेर राजु मन नलागीनलागी आफ्नो कोठमा गयो । तर उसले कोठामा गएर गृहकार्य गरेन । कक्षाको किताब पनि पढेन । बरु भूतप्रेत, जादु र परीका कथाहरू पढ्न थाल्यो । जादुगरको करामत पढ्दापढ्दै आफ्नो हातबाट किताब खसेको उसले थाहै पाएन । ऊ निदायो ।

सपनामा राजु किताबहरूमाथि सुतेको थियो । वरिपरि ओछ्यानमाथि स्कुलका किताबहरू थिए । जतातत‍ै किताबैकिताब थिए । चल्दा र कोल्टे फेर्दा किताबहरू च्यापिन्थे । च्यापिएका

किताबहरू दुख्यो भनेर कराउँथे । किताबका पानाहरू फाट्दा तिनीहरू रुन्थे ।

पुस्तक पढ्दापढ्दै निदाउने अनि वरिपरिका पुस्तकहरूलाई च्यापेर काच्याककुचुक पार्ने राजुको बानी देखेर उसका किताबहरू दुखी थिए । राजुले कहिले च्याप्ने हो भन्ने डरले ती पुस्तकहरू अतासिन्थे । उसको यो बानी कसरी सपार्ने होला भनेर आपसमा सल्लाह गर्थे । यस्तो सल्लाहमा स्कुलका अरू किताबहरू पनि सामेल हुन्थे । तिनीहरूले राजुले आफूलाई वास्ता नगरेको गुनासो पोख्थे ।

त्यो दिन सबैभन्दा पहिले गणितको किताबले गुनासो पोख्यो, "राजुले मलाई वास्तै गर्दैन । स्कुलबाट घर फर्कने बित्तिकै मलाई भुइँमा फाल्छ र टेलिभिजन हेर्न थाल्छ । यस्तै हो भने उसलाई गणितमा फेल गराइदिन्छु ।"

गणितको गुनासो सुनेर नेपाली विषयको किताबले भन्न थाल्यो, "मेरा पाना त उसले यस्सो पल्टाएर पनि हेर्दैन । मलाई जत्तिको हेला उसले कसैलाई पनि गर्दैन । यस्तै हो भने ऊ नेपालीमा कसरी पास हुन्छ ?"

"मेरो विषय मात्रै उसले कहाँ पढ्छ र ? जहिले पनि खेल्न मात्रै खोज्छ । यस्तै गऱ्यो भने ऊ जाँचमा फेल हुन बेर छैन," विज्ञानको पुस्तकले पनि आफ्नो रिस पोख्यो ।

उसको कुरा सुनेर अङ्ग्रेजीको किताब चिच्यायो, "गएको जाँचमा मैले पाँच नम्बर नथपिदिएको भए ऊ फेल हुन्थ्यो । अर्को जाँचमा त एक नम्बर पनि थप्दिन ।"

राजुले किताबहरूको छलफल सुनिरहेको थियो । विज्ञानको किताबको कुरा सुन्दासम्म त उसलाई रमाइलै लागेको थियो । तर अङ्ग्रेजीको किताबको कुरा सुनेपछि ऊ डरायो । साँच्चै अङ्ग्रेजी



विषयमा ऊ साह्रै कमजोर थियो । पाँच नम्बर नथपेको भए गएको जाँचमा पास हुँदैनथ्यो ।

"अब म अङ्ग्रेजीमा मेहनत गर्छु," राजुको मुखबाट निस्क्यो ।

उसको कुरा सुनेर गणितको किताब रिसायो । उसले भन्यो, "अङ्ग्रेजीमा मात्रै मेहनत गरेर त्यसमा मात्रै धेरै नम्बर ल्याएर हुन्छ र ? हाम्रो महत्त्व छैन ? उसले सबै विषयलाई बराबरी माया गर्नुपर्छ । नत्र अर्को जाँचमा उसलाई गुल्ट्याइदिन्छु ।"

गणितको कुरालाई नेपाली र विज्ञानले पनि समर्थन गरे । "हो हामी सबै मिलेर उसलाई अर्को जाँचमा गुल्ट्याइदिउँ । अनि मात्रै चेत्ला ।" तिनीहरूले भने ।

किताबहरूको कुरा सुनेर राजु डरायो । सबै विषय मिलेर मलाई फेल गराउने भए भनेर ऊ आत्तियो । ऊ निँदमै जोडले करायो, "अब म सबै विषयमा मेहनत गर्छु । किताबलाई जतन गर्छु ।"

राजु निँदमा कराएको सुनेर उसकी आमाले छक्क पर्दै राजुलाई उठाइन् । "किन कराएको ? के भयो ? सपना देख्यौ कि कसो ?"

"हेर्नुस् न आमा यी किताबहरूले मलाई जाँचमा गुल्ट्यादिन्छु भन्छन् ।" राजुले रुन्चे स्वरमा भन्यो ।

"किताबले पनि कुरा गर्छ ? सपना देख्यौ होला । ओछ्यानभरि किताब छरेर त्यसैमाथि सुत्यो भने नराम्रो सपना देखिन्छ ।" आमाले सम्झाउँदै भनिन् ।

आमाको कुरा सुनेर राजुलाई लाज लाग्यो । उसले ओछ्यानमा छरिएका किताब मिलाएर टेबुलमाथि राख्यो । अनि राजुकी आमा खुशी हुँदै आफ्नो कोठामा गइन् ।

*२०६३ चैत ११*

*नागरिक दैनिक, जूनकीरी ९ जेठ २०६६ मा पहिलो पटक प्रकाशित ।*

# कुर्सी अधिकार



केदार चार कक्षामा पुग्न निक्कै हतारियो । उसले जाँचमा खुबै मेहनत पनि गऱ्यो । गाउँको धेरैजसो घरमा कुर्सी हुँदैन । मानिसहरू पराले गुन्द्री, सुकुल, राडीमा बस्छन् । घरमा मान्नुपर्ने पाहुना आए भने दरी र काम्लो, वा चकटीमा बसाल्छन् । केदारले स्कुल पढ्न थालेपछि मात्रै कुर्सी देखेको थियो । पहिलो कक्षा कोठामा शिक्षकको लागि मात्रै कुर्सी र टेबुल थियो । विद्यार्थीहरू भुईंमा सुकुलमाथि बस्थे । स्कुलमा चार कक्षादेखिका विद्यार्थीहरूका लागि मात्रै बेन्च राखिएका थिए ।

गाउँमा मोटरबाटो बनेपछि शहरबाट गाउँमा बस जान थाल्यो । बसभित्र नरम, लचक्क लच्किने सीट वा कुर्सीहरू थिए । तिनमा बस्न गाउँका केटाकेटी निक्कै लोभिन्थे । छुट्टी भएको बेलामा केदार आफ्ना साथीहरूसँग बसभित्र गएर कुर्सीमा बस्थ्यो । ड्राइभर

र कन्डक्टरले नधपाउँदासम्म केटाकेटीहरू बसको सीटमा बसेर रमाउँथे । खेल्थे । कहिलेकाहीँ केटाकेटी धेरै सिट थोरै हुँदा उनीहरूबिच झगडा पनि हुन्थ्यो ।

एक पल्ट केदार आफ्ना बुवासँग शहर जाँदै थियो । ऊ पनि बुवासँग बसमा बस्यो । बसभित्र मानिस नभरिँदासम्म ऊ बुवासँगैको सीटमा बस्यो तर मानिस धेरै सिट थोरै भएपछि कन्डक्टरले बुवासँग भन्यो, "ए काका, बालकलाई काखमा लिनुस् । नत्र पूरा पैसा लाग्छ ।" केदार पहिलो पटक बसमा बसेर शहर जान लागेको हुनाले ऊ अरू यात्रीजस्तै सिटमा बसेर जान चाहन्थ्यो । उसले बुवासँग सिटको पैसा तिरिदिन अनुरोध गऱ्यो । बुवाले दुइटा टिकट किन्नुभयो । बस हिँड्यो । केदार ढुक्कसँग सिटमा बसेर झ्याल बाहिर हेर्न थाल्यो ।

अर्को गाउँमा पुगेर बस रोकियो । केही मानिस ओर्ले र केही बसमा चढे । एक जना मानिस केदारको बुवाको छेऊमा आएर "काका नमस्ते कहाँसम्म जानुहुन्छ ?" भनेर भलाकुसारी गऱ्यो । बसमा सिट खाली नभएकोले उसले केदारलाई "बाबु एक छिन काखमा बस है" भन्यो । बुवाले पनि सहमति जनाउनुभयो । त्यो मानिस उसलाई आफ्नो काखमा बस्न लगाएर आफू उसको सिटमा बस्यो । उसले माया गरेको जस्तो गरेर कहिले गालामा र कहिले कहाँ काउकुती लाग्ने गरी मसारेको केदारलाई मन परेन । अरू बेलामा पनि ऊ पराइको काखमा बस्न रुचाउन्नथ्यो ।

केदार उसको काखबाट ओर्ल्यो र सिटमा बस्छु भनेर बुवालाई भन्यो । "पूरै पैसा तिरेपछि सिटमा बस्न पाउने उसको अधिकार होइन र ?" भनेर उसले बुवासँग सोध्यो । बुवाले भन्नुभयो, "एकछिन पर्ख । उहाँ पल्लो गाउँमा ओर्लिहाल्नुहुन्छ । आऊ मेरो काखमा बस ।" तर केदारले मानेन । बुवाको काखमा बस्यो भने फेरि अर्को



मानिस आएर उसको सीटमा बस्छ भन्ने डरले ऊ बुवाको सीटको छेउ समातेर उभिइरह्यो ।

पल्लो गाउँ आइपुगेपछि त्यो मानिस ओर्लियो अनि केदार खुशी हुँदै आफ्नो सिटमा बस्यो । तर उसको खुशी धेरै बेर टिकेन । बसमा धेरै मानिसहरू चढेर उभिन पनि गाह्रो भयो । सबैको आँखा केदारकै सिटमाथि पऱ्यो । "काका, छोरालाई काखमा राख्नुस् न ।" भनेर धेरैले भने । केदारको बुवाले "पूरै टिकट काटेर पनि सिटमा बस्न पाइन्न कि कसो ?" भनेर टार्न खाजे । तर केही यात्री त रिसाएर बुवासँग लडन खोजे । उनीहरूले भने, "केटाकेटीलाई काखमा राखे भइहाल्यो नि । पैसा तिरें भन्दैमा केटाकेटीलाई पनि पूरै सिट ओगट्न लगाउन हुन्छ ? हामीले पनि त पूरा पैसा तिरेका छौं । किन पैसाको धाक लगाउँछौ ।"

धेरै हल्ला हुन थालेपछि बसको कन्डक्टरले आएर भन्यो, "त्यो सानो बालकलाई काखमा राखे त भइहाल्यो नि किन झगडा गर्ने ? भनेको नमान्ने भए ओर्लनुस् ।"

कन्डक्टरको कुरा सुनेर केदार डरायो । आफ्नो कारणले दुबै जनालाई बसबाट ओराल्ने भयो भनेर ऊ आत्तियो । ऊ बुवालाई

अप्ठ्यारोमा पार्न चाहन्नथ्यो । यसैले ऊ आफ्नो सिटबाट ओर्ल्यो र बुवाको छेउमा उभियो । एक जना भुसतिघ्रे मानिस उनीहरूलाई धकेल्दै आएर उसको सिटमा बस्यो र उसलाई काखमा बस भनेर हातले तान्यो । केदारले उसको हात झट्कारेर पन्छायो र बुवासँग टाँसिएर उभियो ।

शहर नपुग्दासम्म झण्डै एक घण्टाको बस यात्रा केदारले उभिएर पूरा गर्‍यो । कच्ची बाटोमा उभिएर यात्रा गर्दा उसलाई निक्कै गाह्रो भयो । धेरै पटक उसको टाउको बसको झ्यालमा ठोक्कियो । उसलाई वाक्वाकी पनि लाग्यो । शहरमा पुगेर बसबाट ओर्लने बित्तिकै उसले बान्ता गर्‍यो । उसले केही बेर आँखा खोल्न सकेन । यसरी केदारको जीवनका पहिलो बस यात्रा तीतो अनुभव बटुलेर सकियो । अहिले पनि केदारले बस चढनुपर्‍यो कि बसका ठूला यात्रीहरूको जङ्गली व्यवहार सम्झन्छ । उसलाई भरसक बसमा यात्रा गर्न नपरे हुँदो हो जस्तो लाग्छ ।

अखबार र रेडियोमा दिनदिनै ठूला मानिसहरू कुर्सीको लागि लडेको समाचार पढ्दा, सुन्दा केदारलाई बस यात्राकै सम्झना आउँछ । कुर्सीको लागि यसरी मरिमेट्ने र फूलजस्ता बालबालिकाको सुविधाको वास्ता नगर्ने मानिसहरूले बाल अधिकारको लामोलामो कुरा गरेको सुन्दा केदारलाई सोध्न मन लागेको छ, "बालकहरूको कुर्सीमा बसेर यात्रा गर्ने अधिकार खोइ ?"

वास्तवमा यो गुनासो र प्रश्न गाउँमा बस्ने केदारको मात्रै होइन सार्वजनिक यातायातको साधनमा यात्रा गर्ने सबै नेपाली बालबालिकाको हो, जसलाई ठूलाबडाहरू बालक भनेर हेप्छन् र कत्ति पनि नहिच्किचाइकन सिट खोस्छन् ।

*२०६० पुस २६*

*इन्द्रेणी मासिक, २०६२ माघमा पहिलो पटक प्रकाशित ।*

# अखबार बेच्ने केटो



"लौ आयो ताजा खबर ! निरपराध व्यक्तिको हत्या ! सेनाको कारवाहीमा दश जनाको मृत्यु ! बस पल्टेर बीस जना घाइते !" कृष्ण सँधै यसरी नै चिच्याएर अखबार बेच्थ्यो । उसलाई कस्तो शीर्षकले अखबार बिक्छ भन्ने कुरा झण्डै पत्रकारलाई जत्तिकै थाहा थियो । उसले अखबारका सनसनीपूर्ण शिर्षकहरू रोजेर नाइटो देखिको बलले चिच्याउँथ्यो । थोरै समयमा धेरै ठाउँमा पुगेर सकेसम्म धेरै अखबार बेच्ने उसको उद्देश्य थियो । अखबार धेरै बिक्री हुने ठाउँमा उसभन्दा पहिले अरू केटाहरू पुगे भने उसको अखबार बिक्दैनथ्यो । नबिकेको अखबार फिर्ता हुँदैनथ्यो । हिजो सबै अखबार नबिकेर उसलाई २० रुपैयाँ घाटा लागेको थियो । यसैले ऊ दगुर्दै अखबार बेच्थ्यो ।

कृष्णले काठमाडौं आएर अखबार बेच्ने काम थालेको झण्डै छ महिना भयो । उसको घर दैलेखमा हो । उसको बालाई अपहरण गरेपछि उसको परिवार गाउँमा बस्न नसकेर यहाँ आएको हो । उसकी आमा बिरामी छिन्, काम गर्न सक्तिनन् । भाइबहिनी सानै छन् । पूरै परिवार उसको कमाइले धानिएको छ । एक दिन अखबार बेचेन भने भोकै बस्नुपर्छ । अखबार बेच्नेबाहेक उसले अरू काम पाउन सकेको छैन ।

हिजोजस्तै आज पनि ऊ बेलामै अखबारको कार्यालयमा पुग्यो । उछिनपाछिन गर्दै अखबार लियो । अखबारका प्रमुख शीर्षकहरू सरसरी हेऱ्यो र कण्ठ पाऱ्यो । अनि चिच्याउँदै बजारतिर दगुऱ्यो ।

"लौ आयो ताजा खबर ! अपहरित व्यक्तिको विभत्स हत्या ! त्रिशुलीमा बस डुबेर पचास यात्री बेपत्ता ! भ्रष्टाचारको अभियोगमा पूर्वमन्त्री जेल चलान ।" ऊ कराउँदै, अखबार बेच्दै बसपार्क पुग्यो । हिजोभन्दा आजको अखबार अलि धेरै बिक्यो । चार नबज्दै उसको हातको अखबार सकियो । बसपार्कमा अर्को केटाले पनि अखबार बेचिरहेको थियो । अखबार बेच्ने काममा त्यो केटो नयाँनयाँ देखिन्थ्यो । उसको हातको अखबार बाँकी नै थियो ।

कृष्णले त्यो केटासँग अलिकति अखबार माग्यो र फेरि चिच्याईचिच्याई बेच्न थाल्यो । त्यो केटो पनि कृष्णकै नक्कल गर्दै चिच्याउँदै अखबार बेच्न थाल्यो । एकै छिनमा दुबैका हातको अखबार सकियो । कृष्ण धेरै अखबार बिकेकोमा दङ्ग परेको थियो । आजको आम्दानीले दाल किन्ने उसको बिचार थियो, किनकि उसले धेरै दिन भयो भातसँग दाल खान पाएको थिएन ।

अझ धेरै अखबार बेच्ने विचारले ऊ अखबारको कार्यालयतिर दगुऱ्यो । आजको अखबारको बिक्रीले ऊ साह्रै उत्साहित भएको थियो । यसैले उसले अँगालाभरि अखबार लियो र फेरि बसपार्कतिर हानियो ।



रत्नपार्कबाट जुलुस निस्कँदै थियो । जुलुसले गर्दा शहरको मुख्यमुख्य भागको यातायात रोकिएको थियो । साँझ पनि पर्न लागेको थियो । यसैले अघिजस्तो गरी हातहातमा अखबार बिकेन । घाटा नलागोस् भनेर कृष्ण अझै जोडले चिच्याउँदै दगुर्न थाल्यो । ऊ यस्तो बेसुरे भएर दगुर्न थाल्यो कि वरिपरिका मानिसले अखबार किन्न मागेको पनि उसले चाल पाउन छाड्यो । ऊ अखबार बेच्नुको सट्टा समाचार वाचन गर्दै हिँडेजस्तो देखिन्थ्यो । तैपनि उसले छिटपुट रुपमा भए पनि अखबार बेच्दै थियो । तर जति चिच्याए पनि, जति दगुरेर जहाँ पुगे पनि उसको हातको अखबार सकिएन । रात पऱ्यो ।


ऊ निराश भएर डेरातिर लाग्यो । डेरामा फर्कंदा उसले सँधैजसो चामल तरकारी, नुन तेल किनेर फर्कन्थ्यो । तर आज उसको हातमा पकाउने रासनको सट्टा अखबारको मुठा थियो ।

डेरामा पुगेर ऊ सुकुलमाथि पल्टयो र नबिकेको अखबार पढन थाल्यो । अखबारमा छापिएको "अपहरित व्यक्तिको हत्या" शीर्षक समाचारमा छापिएको मृतकको फोटो र नाम देखेपछि ऊ अचानक चिच्यायो, "ए बा हो !" ऊ अखबारमाथि घोप्टो परेर डाँको छोडेर रुन थाल्यो । चिच्याई चिच्याई अखबार बेच्ने बानीले गर्दा उसको स्वर निक्कै चर्को भइसकेको थियो ।

*२१ कार्तिक २०६१*

*स्याललाई स्लिपिङ ब्याग लघुकथा संग्रह २०६६ मा प्रकाशित ।*

# घरमा मिस



"अशेष, तिम्री ममी के गर्नुहुन्छ ?" कक्षाबाट निस्कने बेलामा कमला मिसले सोध्नुभयो ।

अशेष अल्मलियो । उसले अन्कनाउँदै भन्यो, "ममी घरमै बस्नुहुन्छ मिस । किन र मिस ?"

"तिम्रो ममीसँग भेट्नु परेको छ । मैले भेट्न खोजेको छ भन्नु है ।" मिसले भन्नुभयो ।

"हुन्छ मिस ।" भन्दै अशेषले सँगै बसेको रूपेशतिर हेऱ्यो ।

रूपेशले पनि ऊतिरै अनौठो मानेर हेरिरहेको थियो ।

"मिसले किन तिम्रो ममीसँग भेट्न खोज्नुभएको होला हकि ?" उसले उत्सुक हुँदै अशेषसँग सोध्यो ।

"त्यही त । मैले पनि बुझेको छैन । मलाई त केही गल्ती गरे

जस्तो लाग्दैन । किन होला ?" अशेषले पनि अनौठो मान्दै जवाफ दियो ।

"हो त नि तिमी जस्तो फस्ट ब्वायको पनि के गुनासो होला र !"

स्कुल छुट्टी भएर घर फर्कंदा बाटोभरि अशेषको मनमा कुरा खेल्यो । 'कुनै गल्ती नै नगरी मिसले किन ममीसँग भेट्न खोज्नुभएको होला ?' उसले आफ्नो पढाइ र गृहकार्यको बारेमा सोच्यो । 'अस्ति मेरो ह्यान्डराइटिङ अलि राम्रो भएन भन्नुहुन्थ्यो । तर त्यो दिन पनि सबैभन्दा धेरै नम्बर मैले नै पाएको थिएँ ।'

'केही दिन पहिले उसकै कक्षामा पढ्ने शीलाको कापीमा कसैले केके लेखिदिएको रहेछ । मिसले सबैको ह्याण्डराइटिङ चेक गर्नुभएको थियो । तर कसैको लेखाइसँग मिलेन भन्नुहुन्थ्यो । कतै मलाई नै शङ्का गर्नुभएको हो कि ?' घर नपुग्दासम्म अशेषको मनमा यस्तै अनेक कुरा खेल्यो ।

आफ्नो गल्ती पत्ता नलागेसम्म सच्याउन र माफी माग्न मिलेन । यसैले अशेषले पहिले गल्ती नै पत्ता लगाउने अनि मात्रै ममीलाई मिससँग भेटाइदिने निधो गऱ्यो ।

केही दिनपछि कमला मिसले अशेषलाई अफिसमा बोलाउनुभयो । ऊ खङ्ग्रङ्गै भयो । ममीलाई बोलाएन भनेर सजाय दिन लाग्नुभयो कि ? उसलाई शङ्का लाग्यो ।

अफिसमा पुग्दा कमला मिस बाहिर निस्कन लाग्नुभएको रहेछ । "लौ यो चिठी तिम्रो ममीलाई देऊ है ।" भन्दै मिसले अशेषलाई खाममा बन्द भएको चिठी दिनुभयो र कक्षातिर लाग्नुभयो ।

अशेषले डराईडराई चिठी लियो र झोलाभित्र राख्यो ।

घर फर्कंदा उसको मनमा आँधीबेरी चले जस्तो भयो । 'के लेखेको होला चिठीमा ? कतै मेरो गल्ती सबै यसमा लेखिएको छ कि ? अथवा मेरो गल्तीबारे कुरा गर्न ममीलाई स्कुलमा बोलाउनुभएको छ कि ?' बाटोभरि उसको मनमा कुरा खेल्यो ।

घर पुगेर उसले त्यो चिठी ममीलाई दिएन । उसलाई चिठी च्यात्न मन थियो । तर च्यातेन । उसले त्यो चिठी बाबाको फोटोको पछाडि राखिदियो ।

केही दिन बित्यो । अशेषको चिन्ता भने हटेन । उसलाई स्कुल जान पनि डर लाग्न थाल्यो । कुन दिन मिसले फेरि ममीलाई किन नबोलाएको भन्नुहोला भन्ने डर उसलाई लागिरह्यो । चिठी लुकाएको कुरा थाहा पाउनुभयो भने त झन के होला ! चिन्ताले गर्दा अशेषको मन पढाइमा पनि लाग्न छाड्यो । गृहकार्य गर्न पनि अल्छी गर्न थाल्यो ।

शुक्रबारको दिन थियो । त्यो दिन स्कुलमा कमला मिसले अशेषको कक्षामा कथा सुनाउने र रमाइलो खेल खेलाउने गर्नुहुन्थ्यो । तर स्कुल जान भनेर घरबाट निस्केको अशेष स्कुल नगई खोलातिर लाग्यो । दिउँसोसम्म खोलाको किनारमा बसेर गोठालाहरूले चौरमा गाई बाख्रा चराएको र माझीहरूले खोलामा माछा मारेको हेऱ्यो । स्कुल छुट्टी हुने बेला भएपछि ऊ विस्तारै घरतिर लाग्यो ।

अशेष घरमा पुग्दा घरको मूलढोका खुलै रहेछ । उसले ढोकाबाहिर नयाँ जुत्ता देख्यो । विस्तारै ढोकाबाट भित्र पसेर बैठक कोठामा चियायो । भित्रको दृश्य देखेर ऊ झसँग भयो ।

लौ बर्बाद भयो । भित्र त कमला मिस ममीसँग कुरा गरिरहनुभएको रहेछ !


अशेष भित्र गएन । उसले ढोकानेर लुकेर ममी र मिसको कुरा सुन्न थाल्यो । कुरा सुन्दा मिस भर्खरै आउनुभएको जस्तो उसलाई लाग्यो ।

"खै, अशेषले त मलाई केही पनि भनेन । चिठी पनि दिएन । त्यसरी बिर्सनुपर्ने त होइन ।" ममी भन्दै हुनुहुन्थ्यो ।

"त्यही त, मलाई पनि अनौठो लागेको छ । अशेष जस्तो असल विद्यार्थीले बिर्सन पर्ने होइन ।..."

आफूलाई मिसले 'असल विद्यार्थी' भनेको सुन्दा अशेषलाई पत्यार लागेन । अनौठो लाग्यो । 'त्यसो भए मेरो के गुनासो गर्न

आउनुभएको होला ?' उसको डर र चिन्ता उत्सुकतामा फेरियो ।



कमला मिस भन्दै हुनुहुन्थ्यो, "पर्सि आइतबार हाम्रो स्कुलमा अभिभावक दिवस छ । अभिभावक दिवसको दिनमा स्कुलको सबैभन्दा असल विद्यार्थीको अभिभावकलाई सम्मान गर्ने चलन छ । यो वर्षको बेस्ट व्वाय अशेष भएकोले तपाईंसँग भेट्न खोजेकी थिएँ । कार्यक्रममा तपाईंले अशेषको बारेमा केही कुरा बोल्नुपर्छ ।"

कमला मिसको कुरा सुन्दा अशेष खुशीले गद्गद् भयो । उसको मुटुको धड्कन बढ्यो । उ हत्तपत्त आफ्नो कोठातिर जान खोज्यो । उसको खुट्टा बाहिर राखेको जुत्तामा लरबरिएर ऊ लोट्न खोज्यो । उसले ढोकालाई समात्न खोज्दा ढ्यांग आवाज आयो ।

"अशेष, भित्र आऊ त यहाँ को आउनुभएको छ !" ममीले बोलाउनुभयो ।

चोर पक्रिएझैं गरी अशेष बिस्तारै बैठक कोठामा पस्यो र भन्यो, "नमस्ते मिस !"


ऊ मिसको अगाडि बस्न पनि खोजेन । तर मिसले अशेषको हात तान्दै आफूछेउ राख्नुभयो र उसको कपाल मुसार्न थाल्नुभयो । अशेष सङ्कोचले झन्झन् निहुँरिँदै गयो ।

*२०६८ माघ ५*

*सौर्य दैनिकको पहिलो अङ्क ७ फागुन २०६८ मा पहिलो पटक प्रकाशित ।*

# केही नयाँ बालसाहित्यका पुस्तकहरू





























मूल्य : रु. ५०.००

9 789937 310994

**विवेक सिर्जनशील प्रकाशन प्रा.लि.**
काठमाडौं, फोन ०१-४४३७८८२